जि.प्र.का. सप्तरी द.नं. २२/०४८/०४९

# राजविराज दैनिक

स.जि.हु.का.द.नं. ५/०६४/०६५

वर्ष ३६ अंक ७९ २०८३ साल कात्तिक ६ गते शुक्रबार (23 Oct 2026 Friday) मूल्य रु. ५/-

*Log in : rajbirajdainik.com.np*

**बाल अधिकारको संरक्षण**

**बचावटको अधिकार :**
पोषिलो खाना र स्वास्थ्योपचार पाउनु।
**विकासको अधिकार :**
शिक्षा, खेलकुद र मनोरञ्जनको अवसर।
**संरक्षणको अधिकार :**
हिंसा, दुर्व्यवहार र शोषणबाट सुरक्षा।
**सहभागिताको अधिकार :**
आफ्नो हितका निर्णयमा बोल्न पाउनु।

*यस अंक भित्र :* २ पृष्ठमा : 'डिजिटल त्रिवि' देखि... ३ पृष्ठमा : एआईले खोल्दैछ इतिहासका.. ३ पृष्ठमा : चीन-रुसद्वारा बाह्य हस्तक्षेप ...

# कंकालिनि मन्दिरमा विगत तीन वर्षदेखी राँगा बलिमा कमी

# यस वर्ष गत वर्षको तुलनामा ७५ वटा कम बली प्रदान



**दैनिक समाचारदाता**
**राजविराज, ५ कात्तिक ।**

वडा दशैंको नवमीका दिन राँगा बली प्रदान गरिने परम्परा रहेको सप्तरीको कंकालिनि मन्दिरमा यस वर्ष ६ सय १४ बलि प्रदान गरिएको छ। यो संख्या गत वर्षको तुलनामा ७५ वटा कम रहेको छ। गत वर्ष ६ सय ८९ वटा राँगा बलि प्रदान गरिएको थियो।

यो सँगै हिन्दुहरुको महान चाड वडै दशैंको अवसमा सप्तरीमा मात्र ५० हजार बढी पशुपक्षिको बलि प्रदान गरिएको छ। तर, यस पटक भने राँगको बलि प्रदान गर्ने संख्या घटेको छ।

जिल्लाको हनुमाननगर कंकालिनि नगरपालिका १ भारदहस्थित कंकालिनी भगवती मन्दिरमा दशैंको रौनक नै राँगा बलि प्रदान हो।

यसरी हेर्दा विगत तीन वर्षदेखी यस मन्दिरमा राँगको बलि प्रदान गर्ने संख्या घट्दै गएको छ। गत वर्ष २०८२ मा ६ सय ८९ तथा २०८१ मा ६ सय २८ राँग बलि प्रदान गरिएको मन्दिर समितिको तथ्याङ्ले देखाएको छ।

विगत दश वर्षको तथ्याङ्ग अनुसार राँगा बलि घट्दो छ। २०७४ मा ४ सय ९८, २०७५ मा ६ सय ३२, २०७६ मा ६ सय ४, २०७७ मा ३ सय ८५, २०७८ मा ७ सय ४४, २०७९ मा ६ सय ६९, २०८० मा ६ सय ३, २०८१ मा ६ सय २८, २०८२ मा ६ सय ८९ राँगा बलि प्रदान भएको मन्दिर समितिका अध्यक्ष श्यामसुन्दर मण्डलले जानकारी दिए।

नि:सन्तानहरुले सन्तानका लागि, जटील रोगबाट पीडितहरुले स्वास्थ्यलाभका लागि, जीवन संकटमा परेकाहरुले जीवन रक्षाका लागि, पेशा र रोजगारी शंकटमा परेकाहरुले त्यसमा सफलताका लागि वर्षौदेखि यहाँ विभिन्न किसिमको 'भाकल' गर्दै आएका छन्। 'भाकल' पुरा भएपछि 'भाकल' गर्नेहरुले यहाँ दशैंको 'महानवमी' को दिन राँगा बली प्रदान गर्ने गर्छन्। यसबाहेक खसीबोका, परेवा, मिठाई तथा गर-गहना समेत चढाउने गर्छन्। यो मन्दिरको प्रमुख विशेषता पनि राँगा बलि प्रदान नै हो। विजया दशमीको 'महानवमी'को दिन यहाँ राँगा बलि प्रदान वर्षौदेखि हुँदै आएको छ। मन्दिर स्थापनाकालमा पाँचवटा राँगाको बलि दिइएको थियो।

यस मन्दिरमा नेपालका सप्तरी, सुनसरी, मोरङ्ग, सिरहा, सर्लाही, झापा सहित सम्भवतः अधिकांश जिल्लाका श्रद्धालुहरुले पुजापाठकालागि यहाँ आईसकेको मन्दिर विकास समितिको भनाई छ। नेपालबाहेक भारत बिहारको वीरपुर, फारवीसगंज, पटनासम्मका भक्तजनहरु राँगा बलि प्रदान गर्न समेत यहाँ आउने गर्दछन्।

यस्तै सप्तरीको अर्को शक्तिपिठ छिन्नमस्ता भगवती मन्दिरमा घटस्थापनादेखि महानवमी सम्म २५ हजार खसि वोकाको बलि प्रदान गरिएको पिठाधिस महाकान्त ठाकुरले वताए। जिल्लाको छिन्नमस्ता गाउँपालिका स्थित यस मन्दिरमा यस वर्ष लाखौं श्रद्धालु आएको उनले जानकारी दिए।

## कुटपिटबाट गम्भिर घाइते भएका अरबिन्दको उपचारका क्रममा मृत्यु

**दैनिक समाचारदाता**
**राजविराज, ५ कात्तिक ।**

छिमेकीसँगको विवादका क्रममा निर्घात कुटपिट गरिएका सप्तरीका एक पुरुषको उपचारका क्रममा मृत्यु भएको छ।

जिल्लाको छिन्नमस्ता गाउँपालिका ४ लालापट्टीस्थित धानखेतमा विवाद भएपछी कुटपिटबाट गम्भीर घाइते भएका ५० वर्षीय अरबिन्द यादवको मंगलबार दिउँसो गजेन्द्रनारायण सिंह अस्पताल राजविराजमा उपचारका क्रममा मृत्यु भएको हो।

सप्तरीका प्रहरी उपरीक्षक रुपक खड्काका अनुसार मृतकको टाउको र शरीरका विभिन्न भागमा गम्भीर चोटपटक लागेकोले उपचारका लागि अस्पतालमा भर्ना गरिएकोमा सोही अस्पतालमा मृत्यु भएको छ।

स्थानीयका अनुसार खेतमा काम गर्न गएका यादवमाथि छिमेकी खेतधनीले अन्य गाउँलेलाई समेत बोलाएर सामूहिक कुटपिट गरेका थिए।

*बाँकी अन्तिम पृष्ठमा*

**मधुमेह (डायबिटिज) बाट बचौं**

**मधुमेहले,**
❖ शरीरका विभिन्न अंगमा क्षति पुऱ्याउने,
❖ मुटु, मृगौलाले काम नगर्ने,
❖ अन्धोपन, पक्षघात लगायतका जोखिम बढाउन सक्छ ।




**मधुमेहबाट बच्न,**
❖ शरीरको तौल सन्तुलित राखौं,
❖ चिल्लो तथा चिनीजन्य परिकार कम खाऔं,
❖ जङ्कफुड, प्रशोधित तथा तारेका पदार्थहरु नखाऔं,
❖ धुम्रपान, मद्यपान नगरौं ।

**तनाव व्यवस्थापन, नियमित व्यायाम एवम् स्वास्थ्य परीक्षण गरौं ।**

**नेपाल सरकार**
**विज्ञापन बोर्ड**

## सम्पादकीय ....

### शिक्षाको गुणस्तर खस्किँदो, सुधार आवश्यक

दक्ष, सक्षम र जिम्मेवार नागरिक निर्माणका लागि गुणस्तरीय शिक्षा अपरिहार्य हुन्छ । तर सप्तरीमा पछिल्लो समय शिक्षाको गुणस्तर खस्किँदै गएको गुनासो बढिरहेको छ । विद्यालयमा विद्यार्थी भर्ना हुने क्रम भए पनि सिकाइ उपलब्धि, नियमित पठनपाठन र शैक्षिक वातावरण अपेक्षाअनुसार सुधार हुन सकेको देखिँदैन । सामुदायिक विद्यालयमा पर्याप्त शिक्षक व्यवस्थापन, विषयगत शिक्षकको उपलब्धता, नियमित कक्षा सञ्चालन, शिक्षण सामग्रीको प्रयोग र प्रभावकारी अनुगमनमा अझै चुनौती छन् । कतिपय विद्यालयमा भौतिक पूर्वाधारको अवस्था कमजोर छ भने प्रविधिमैत्री शिक्षाको पहुँच पनि समान छैन । अर्कोतर्फ, विद्यार्थीको सिकाइभन्दा परीक्षा र प्रमाणपत्रलाई बढी महत्व दिने प्रवृत्तिले शिक्षाको वास्तविक उद्देश्य कमजोर बनाइरहेको छ ।

शिक्षाको गुणस्तर सुधार गर्ने जिम्मेवारी शिक्षकको मात्र होइन । स्थानीय तह, विद्यालय व्यवस्थापन समिति, अभिभावक, विद्यार्थी र सम्बन्धित शैक्षिक निकाय सबैको साझा दायित्व हो । शिक्षकलाई आवश्यक तालिम र प्रोत्साहन दिनु, विद्यालयमा नियमित अनुगमन गर्नु, कमजोर विद्यार्थीका लागि अतिरिक्त सिकाइको व्यवस्था गर्नु तथा अभिभावकको सहभागिता बढाउनु आवश्यक छ ।

तसर्थ सप्तरीमा शिक्षा सुधारका लागि बजेट खर्च गर्नेभन्दा त्यसको परिणाम मापन गर्ने संस्कार विकास गर्नुपर्छ । विद्यालयमा राजनीतिक हस्तक्षेप घटाउँदै शैक्षिक वातावरण निर्माण गर्नुपर्ने आवश्यकता छ ।

### सप्तरीका रमणीय ठाउहरुबारे तपाईंलाई थाहा छ ?

सप्तरी जिल्ला पर्यटकीय गन्तव्यका लागि आकर्षक छ । तर, यसबारे धेरैलाई जानकारी छैन् । धार्मिक पर्यटकदेखि रमणीयस्थलहरु छन् ।

धार्मिक पर्यटनमा मुलुककै प्रसिद्ध एवं चर्चित छिन्नमस्ता मन्दिर यहीं जिल्लामा छन् । छिन्नमस्ता गाउँपालिकामा अविस्थत यो मन्दिरमा पूजापाठ गर्न टाढा टाढाबाट व्यक्तिहरु आउने गर्छन् । मन्दिर अगाडि रहेको पोखरी, पिकनिक स्पोर्ट, धर्मशाला समेत यहाँ रहेको छ ।

**कंकालिनी मन्दिर :** हनुमाननगर कंकालिनी नगरपालिका वडा नम्बर १ भारदहस्थित यो मन्दिर पनि मुलुककै चर्चित देवी मन्दिर हो ।

**शम्भुनाथ मन्दिर :** यो शम्भुनाथ नगरपालिकाभित्र छ । मन्दिरकै नामबाट पालिकाको नामांकरण समेत गरिएको छ । यहाँ बिक्रम सम्वत्को नयाँ साल अर्थात् बैशाख १ गतेदेखि एक महिनासम्म ठूलो मेला लाग्ने गर्दछ । साउन महिनामा श्रद्धालुको ठूलो घुइँचो यहाँ लाग्ने गर्दछ ।

**हनुमान मन्दिर :** हनुमानगर कंकालिनी नगरपालिकाको हनुमाननगर बजारमा पुरानो हनुमान मन्दिर छ । कालो हनुमान मन्दिर पुग्दा जोकोहि पनि मोहित हुन्छन् । जिल्लामा अन्य धेरै देवी देवताका मन्दिरहरु छन् ।

**कोशी टप्पु :** कोशी टप्पु वन्यजन्तु आरक्ष पनि यहीं जिल्लामा छन् । कंचनरुप नगरपालिकास्थित आरक्षमा गैंडासहित बिभिन्न वन्यजन्तुहरुको अवलोकन गर्न सकिन्छ ।

**धारापानी क्षेत्र :** चुरको कोखमा रहेको यो धारापानी क्षेत्र कंचनरुप नगरपालिकामा रहेको छ । यो ठाउँ पिकनिक मनाउनका लागि राम्रो स्थल मानिन्छ ।

**लोहजारा दह :** तिरहुत गाउँपालिकामा रहेको छ यो दह । यो ठाउँ पिकनिक मनाउनका लागि प्रसिद्ध मानिएको छ यो ठाउँ । यी ठाउँहरुको अवलोकन गरौं र मनलाई प्रसन्न बनाऔं ।

**जनहीतका लागि : राजविराज दैनिक**

# ‘डिजिटल त्रिवि’ देखि ‘रिसर्च युनिभर्सिटी’ सम्म : के-के हुँदैछन् नयाँ काम ?

**सिबी अधिकारी**
काठमाडौँ, ५ कात्तिक ( रासस) ।

त्रिभुवन विश्वविद्यालयले आफ्नो प्रशासनिक, शैक्षिक तथा प्राज्ञिक संरचनालाई समयानुकूल बनाउँदै डिजिटल सेवा विस्तार, अनुसन्धान प्रवर्द्धन, संस्थागत पुनःसंरचना र वित्तीय सुधारका नयाँ योजना अघि सारेको छ ।

त्रिविका सहकुलपति एवं शिक्षा तथा खेलकुदमन्त्री सस्मित पोखरेलको अध्यक्षतामा बसेको विश्वविद्यालय सभामा चालु आर्थिक वर्षको नीति तथा कार्यक्रम प्रस्तुत गरिएको थियो । यी योजना कार्यान्वयन भएमा विश्वविद्यालयको प्रशासनिक, शैक्षिक र प्राज्ञिक स्वरूपमा ठूलो फेरबदल आउने अपेक्षा गरिएको छ ।

नीति तथा कार्यक्रममा विश्वविद्यालयलाई शिक्षणकेन्द्रित संस्थाबाट अनुसन्धान, नवप्रवर्तन र ज्ञान उत्पादनमा आधारित ‘रिसर्च युनिभर्सिटी’का रूपमा विकास गर्ने लक्ष्य राखिएको छ । साथै, शैक्षिक, प्रशासनिक र सेवा प्रवाह प्रणालीलाई डिजिटल प्रविधिमा आधारित बनाउँदै क्रमशः ‘डिजिटल विश्वविद्यालय’मा रूपान्तरण गर्ने नीति अघि सारिएको छ ।

यो नीति तथा कार्यक्रम विश्वविद्यालयको रणनीतिक योजना २०२४-२०२८ र सङ्गठन तथा व्यवस्थापन सर्वेक्षणको प्रतिवेदनसँग तादात्म्य हुने गरी तयार गरिएको हो ।

विश्वविद्यालयले आफ्ना वार्षिक शैक्षिक योजना तथा कार्यक्रमलाई रणनीतिक योजनासँग आबद्ध गर्ने, अनुसन्धानबाट प्राप्त नतिजालाई नीतिनिर्माणमा उपयोग गर्ने र सम्पूर्ण निकायलाई नतिजामुखी व्यवस्थापन प्रणालीमा जोड्ने योजना पनि उल्लेख छ ।

**मोबाइल एपदेखि डिजिटल ड्यासबोर्डसम्म**

त्रिविले शैक्षिक प्रशासन र सेवा प्रवाहलाई सहज, पारदर्शी र पहुँचयोग्य बनाउन एकीकृत मोबाइल एप सञ्चालनमा ल्याउने भएको छ । विश्वविद्यालयसँग सम्बन्धित विभिन्न तथ्याङ्कलाई एकीकृत रूपमा हेर्न सकिने डिजिटल ड्यासबोर्ड निर्माण गर्ने नीति अघि सारिएको छ । नीतिनिर्माण, अनुगमन र शीघ्र निर्णय प्रक्रियाका लागि यस्तो ड्यासबोर्ड उपयोगी हुने त्रिविको विश्वास छ ।

त्रिविले आफ्ना आङ्गिक तथा सम्बन्धनप्राप्त क्याम्पसको डिजिटल भू-नक्साङ्कन तयार गर्ने काम चालु आर्थिक वर्षभित्र सम्पन्न गर्ने जनाएको छ । यसबाट क्याम्पसको अवस्थिति, पूर्वाधार, शैक्षिक कार्यक्रम र अन्य विवरणलाई एकीकृत रूपमा हेर्न सकिने छ ।

नीति कार्यक्रममा उल्लेख भएअनुसार विश्वविद्यालयअन्तर्गतका सम्पूर्ण निकायमा इन्टरनेट तथा इन्ट्रानेट पूर्वाधार सुदृढ गर्ने र शैक्षिक तथा प्रशासनिक अभिलेखलाई क्रमशः डिजिटल बनाउने योजना छ ।

**परीक्षा प्रणाली पूर्ण डिजिटल बनाउने लक्ष्य**

त्रिविले परीक्षा व्यवस्थापन सूचना प्रणालीलाई पूर्ण रूपमा लागू गर्ने लक्ष्य राखेको छ । यस प्रणालीमार्फत उत्तरपुस्तिका परीक्षण, नतिजा प्रकाशन, शैक्षिक अभिलेख व्यवस्थापन तथा प्रमाणपत्र वितरणजस्ता सेवा डिजिटल प्रणालीबाट सञ्चालन गर्ने योजना छ । यसले परीक्षा प्रणालीलाई पारदर्शी, सुरक्षित र समयबद्ध बनाउने विश्वविद्यालयको अपेक्षा छ ।

यसअघि नै परीक्षा नियन्त्रण कार्यालयमा अनलाइन सेवा विस्तार गरिएको र प्रादेशिक परीक्षा नियन्त्रण कार्यालयमार्फत अनलाइन भुक्तानी, मार्कसिट तथा ट्रान्सक्रिप्ट वितरणलाई सहज बनाइएको नीति तथा कार्यक्रमको समीक्षा खण्डमा उल्लेख छ । सबै तहका परीक्षाका प्रश्नपत्र अनलाइन माध्यमबाट परीक्षा केन्द्रसम्म पुऱ्याउने प्रणाली सञ्चालन गर्ने काम सुरु भइसकेको छ ।

**विद्यार्थी सेवामा नयाँ प्रणाली**

त्रिविले विद्यार्थीलाई केन्द्रमा राखेर एकीकृत विद्यार्थी सेवा प्रणाली विकास गर्ने भएको छ । यस प्रणालीमार्फत विद्यार्थी भर्ना, परीक्षा, छात्रवृत्ति, परिचयपत्र र गुनासो व्यवस्थापनका साथै मानसिक स्वास्थ्य परामर्श, करिअर विकास, उद्यमशीलता तथा रोजगार सहजीकरणजस्ता सेवा सञ्चालन गरिनेछ ।

विद्यार्थीको नेतृत्व विकास, शैक्षिक सहभागिता, खेलकुद तथा अतिरिक्त क्रियाकलाप प्रवर्द्धनका लागि विद्यार्थी परिषद्लाई संस्थागत गर्ने नीति पनि अघि सारिएको छ ।

वन विज्ञान अध्ययन संस्थानको अनुभवका आधारमा राष्ट्रिय स्वयंसेवक कार्यक्रमलाई अन्य निकायमा विस्तार गर्ने योजना छ । वातावरण संरक्षण, विपद् जोखिम न्यूनीकरण, सामुदायिक विकास तथा राष्ट्रनिर्माणका काममा विद्यार्थीलाई सहभागी गराउने नीति कार्यक्रममा उल्लेख छ ।

त्यसैगरी, निश्चित सङ्ख्याका विद्यार्थीलाई उनीहरूको शैक्षिक योग्यता र रुचिअनुसार त्रिविअन्तर्गतका क्याम्पस, अनुसन्धान केन्द्र तथा प्रशासनिक निकायमा निश्चित अवधिको इन्टर्नसिप उपलब्ध गराउने योजना छ ।

**त्रिविलाई ‘रिसर्च युनिभर्सिटी’ बनाउने योजना**

त्रिविको नयाँ नीति तथा कार्यक्रमको अर्को महत्वपूर्ण पक्ष विश्वविद्यालयलाई अनुसन्धानप्रधान संस्थाका रूपमा विकास गर्ने योजना हो । नीति कार्यक्रममा राष्ट्रिय प्राथमिकता, सामाजिक आवश्यकता तथा विश्वव्यापी ज्ञान प्रवृत्तिसँग मेल खाने उच्च गुणस्तरीय अनुसन्धानलाई प्रोत्साहन गर्न प्रतिस्पर्धात्मक अनुसन्धान अनुदान उपलब्ध गराउने उल्लेख छ ।

त्यसका लागि अनुसन्धान व्यवस्थापन प्रणाली सुधार गर्ने, आवश्यक कोष तथा सरकारी अनुदान परिचालन गर्ने र केन्द्रीय विभाग, अनुसन्धान केन्द्र तथा क्याम्पसमा अनुसन्धान पूर्वाधार स्तरोन्नति गर्ने योजना अघि सारिएको छ । त्यस्तै, राष्ट्रिय विज्ञानमा आधारित सन्दर्भ प्रयोगशाला सञ्चालन गर्ने र बहुविषयगत अध्ययनका लागि साझा अनुसन्धान सुविधा विकास गर्ने नीति छ ।

यसबाट त्रिविका विभिन्न विभाग र अनुसन्धान केन्द्रले छुट्टाछुट्टै महँगा उपकरण खरिद गर्नुपर्ने अवस्था घट्ने तथा उपलब्ध पूर्वाधारलाई साझा रूपमा प्रयोग गर्न सकिनेछ । यस्तो व्यवस्थाले अनुसन्धानको लागत घटाउनुका साथै विभिन्न विषयबीच सहकार्य बढाउनेछ ।

**पेटेन्ट, स्टार्टअप र बौद्धिक सम्पत्ति**

त्रिविले प्राध्यापक, युवा अनुसन्धानकर्ता तथा विद्यार्थीमा नवप्रवर्तन, पेटेन्ट दर्ता, स्टार्टअप र बौद्धिक सम्पत्ति सिर्जनालाई प्रोत्साहन गर्ने भएको छ । यसका लागि बौद्धिक सम्पत्ति व्यवस्थापन प्रणाली लागू गर्ने नीति कार्यक्रममा उल्लेख छ । अनुसन्धानबाट प्राप्त प्रविधि, उत्पादन वा अवधारणालाई संरक्षण गर्ने र सम्भव भएमा व्यावसायिक उपयोगमा लैजाने लक्ष्य विश्वविद्यालयले राखेको छ ।

उच्चस्तरीय जर्नलमा लेख प्रकाशन गर्ने तथा पेटेन्ट अधिकार प्राप्त गर्ने अनुसन्धानकर्तालाई आर्थिक प्रोत्साहन र पुरस्कार प्रदान गर्नेछ ।

त्रिविले अनुसन्धानलाई समाज, उद्योग र नीति निर्माणसँग जोड्न ज्ञान हस्तान्तरण, परामर्श सेवा तथा सरकार-विश्वविद्यालय सहकार्यको अवधारणा अघि सारेको छ । साथै, एनआइसिइ अर्थात् नेटवर्किङ, इनोभेसन, क्रियसन एन्ड एक्सप्लोरेसन मोडलमार्फत प्राध्यापकको व्यावसायिक विकास तथा विद्यार्थीको व्यावहारिक सीप अभिवृद्धि गर्ने योजना छ । नीति कार्यक्रममा अनुसन्धानको गुणस्तर, पारदर्शिता र अनुसन्धान आचारसंहितालाई संस्थागत गर्न रिसर्च एण्ड प्लेसमेन्ट सेल विस्तार गर्ने उल्लेख छ ।

**पाठ्यक्रममा प्रविधि र रोजगार**

त्रिविले बदलिँदो श्रम बजार र प्रविधिको मागअनुसार पाठ्यक्रम परिमार्जन गर्ने भएको । पाठ्यक्रममा उद्यमशीलता, नवप्रवर्तन र प्रविधिलाई समावेश गर्ने तथा शिक्षण-सिकाइ प्रक्रियालाई विद्यार्थी केन्द्रित र प्रविधिमैत्री बनाउने योजना छ ।

दूरशिक्षा, डिजिटल सामग्री तथा मिश्रित सिकाइ प्रणाली विस्तार गर्ने नीति पनि अघि सारिएको छ । यसका लागि लर्निङ म्यानेजमेन्ट सिस्टम विकास गर्ने र आङ्गिक क्याम्पसमा प्रविधिमैत्री शिक्षण-सिकाइ विस्तार गरिनेछ ।

नीति कार्यक्रममा लेबर मार्केट ड्रिभन प्रोग्राम अर्थात् श्रमबजारको मागमा आधारित शैक्षिक कार्यक्रम विस्तार गर्ने उल्लेख छ ।

रोजगारमूलक तथा आकर्षक शैक्षिक कार्यक्रमलाई गुणस्तर सुनिश्चितता तथा प्रत्यायन प्राप्तगरी भौगोलिक आधारमा विस्तार गर्ने लक्ष्य राखिएको छ ।

स्वदेशी तथा विदेशी विश्वविद्यालयसँग क्रेडिट ट्रान्सफर र डबल डिग्री कार्यक्रमलाई थप व्यवस्थित गर्ने तथा विदेशी विद्यार्थी र अनुसन्धानकर्तालाई आकर्षित गर्न अन्तरराष्ट्रिय सम्बन्ध केन्द्रमार्फत सेवा सहज बनाउने नीति पनि छ ।

**‘स्कुल’ अवधारणा लागू गर्ने तयारी**

विशेषीकृत अध्ययन, अध्यापन तथा अनुसन्धानलाई प्रवर्द्धन गर्न त्रिविले ‘स्कुल’ अवधारणा लागू गर्ने भएको छ । यसका लागि आवश्यक रणनीति र कार्यढाँचा तयार गरी चालु आर्थिक वर्षदेखि नै कार्यान्वयन गर्ने नीति कार्यक्रममा उल्लेख छ । स्कुल अवधारणाले एउटै विषय वा विषयसमूहसँग सम्बन्धित अध्यापन, अनुसन्धान र प्राज्ञिक गतिविधिलाई बढी समन्वित बनाउन सक्नेछ । यसबाट अध्ययन संस्थान, सङ्काय र केन्द्रीय विभागबीचको दोहोरोपन घटाउने तथा अनुसन्धानमा सहकार्य बढाउने लक्ष्य राखिएको देखिन्छ ।

त्रिविले सम्बन्धित अध्ययन संस्थान, सङ्काय र आङ्गिक निकायलाई आफ्नो वार्षिक शैक्षिक कार्ययोजना विश्वविद्यालयको रणनीतिक योजनासँग आबद्ध गर्नुपर्ने व्यवस्था गर्ने जनाएको छ ।

**प्रशासनिक पुनःसंरचना र विकेन्द्रीकरण**

त्रिविले सङ्गठन तथा व्यवस्थापन सर्वेक्षण र रणनीतिक योजना २०२४-२०२८ का आधारमा जनशक्ति प्रक्षेपण, कार्यसंरचना तथा प्रशासनिक पुनःसंरचना गर्ने भएको छ । निर्णय प्रक्रियालाई छरितो, पारदर्शी र प्रविधिमैत्री बनाउन प्रशासनिक प्रक्रियाको सरलीकरण गर्ने नीति छ । अधिकार, स्रोत र जिम्मेवारीलाई चरणबद्ध रूपमा अध्ययन संस्थान, सङ्काय, केन्द्रीय विभाग, आङ्गिक क्याम्पस तथा प्रादेशिक निकायमा प्रत्यायोजन गर्ने योजना छ ।

यसले अहिले केन्द्रीय तहमा केन्द्रित रहेको केही प्रशासनिक तथा वित्तीय अधिकार तल्लो तहका निकायमा लैजान सक्नेछ । तर अधिकार प्रत्यायोजनसँगै

*बाँकी तीन पृष्ठमा*

# एआईले खोल्दैछ इतिहासका पुराना रहस्य

टोकियो, ५ कात्तिक (रासस/एएफपी)।

दुई सय वर्षभन्दा बढी समयदेखि रहस्य बनेको नेपोलियन बोनापार्टको युद्धकालीन गोप्य सन्देश कृत्रिम बौद्धिकता (एआई) को सहायताले केही घण्टामै पढ्न सकिएको छ। यसले ऐतिहासिक अभिलेखमा लुकेका रहस्य पत्ता लगाउने काम अब विद्वान् र अनुभवी सङ्केतविज्ञ मात्र सीमित नरहेको देखाएको छ।

सन् १८०९ मा फ्रान्सेली सेनाका एक जनरललाई पठाइएको उक्त सन्देशमा प्रतीक, सङ्ख्या र अक्षर प्रयोग गरिएका दुई दर्जन पङ्क्ति थिए। अनलाइन शैक्षिक अभिलेखमा लामो समयदेखि बेवास्तामा परेको यो सन्देश अमेरिकी एआई इन्जिनियर कार्टर चर्चले समाधान गर्नुभएको हो।

सत्ताइस वर्षीय चर्चले च्याटजीपीटी निर्माता ओपनएआईको पछिल्लो मोडेल प्रयोग गरेर छ घण्टामै उक्त सङ्केत खुलाउनुभएको थियो। परम्परागत विधिबाट यस्तो काम गर्न हप्तौं लाग्न सक्ने उहाँको भनाइ छ।

अमेरिकी साइबर सुरक्षा कम्पनी सेन्टिनेलवनमा कार्यरत चर्चले सङ्केत खोल्ने प्रविधि वा त्यस समयको इतिहासबारे आफूलाई धेरै जानकारी आवश्यक नपरेको बताउनुभयो। केही साँझको प्रयासपछि उहाँले जापानी पेटेन्ट इन्जिनियर सातोसी टोमोकियोसँग परामर्श गर्नुभएको थियो। टोमोकियोले समाधान नभएका पुराना सङ्केतहरूको अनलाइन सूची राख्दै आउनुभएको छ।

चर्चका अनुसार एआईको प्रमुख विशेषता निरन्तर प्रयास गर्ने क्षमता हो। सन्देशको रहस्य खुलेपछि आफूले ठूलो सन्तुष्टि र उत्साह अनुभव गरेको उहाँले बताउनुभयो।

टोमोकियोले आफ्नो वेबसाइट 'क्रिप्टियाना' मा सन् २०२६ लाई ऐतिहासिक सङ्केतहरूको रहस्य खोल्ने काममा निर्णायक वर्षका रूपमा सम्झिइने उल्लेख गर्नुभएको छ। उहाँका अनुसार सेप्टेम्बरको मध्यदेखि आफ्नो सूचीमा रहेका अधिकांश सङ्केत एआईको सहायताले समाधान भइसकेका छन्।

अनुसन्धानकर्ताहरूले यसअघि नै पुराना सङ्केत खोल्न एआई मोडेल विकास गरिरहेका थिए। तर, शक्तिशाली सामान्य प्रयोजनका एआई उपकरण सार्वजनिक भएपछि समाधान भएका सङ्केतको सङ्ख्या उल्लेख्य रूपमा बढेको छ। चर्चले ओपनएआईको जीपीटी-६ एस्ट्रा प्रयोग गर्नुभएको थियो भने अन्य अनुसन्धानकर्ताले अमेरिकी कम्पनी एन्थ्रोपिकका एआई उपकरण प्रयोग गरेका छन्।

टोमोकियोले कठिन सङ्केतहरूमध्ये केही अझै रहस्यकै रूपमा रहने बताउनुभएको छ। समाधानका लागि उपयोगी तथ्याङ्क कम भएका कारण ती सङ्केत खोल्न आगामी वर्षहरूमा पनि चुनौती हुन सक्ने उहाँको भनाइ छ।

लामो समयदेखि अड्किएका समस्या समाधान भएकोमा आफू उत्साहित भए पनि एआईले ती समस्या सजिलै समाधान गरेको देख्दा मिश्रित भावना उत्पन्न भएको उहाँले बताउनुभयो। एक सहकर्मी सङ्केतविद्ले त एआईका कारण आफूलाई बेकार महसुस भएको प्रतिक्रिया दिएको उहाँले सुनाउनुभयो।

गणितदेखि कम्प्युटर प्रोग्रामिङसम्म एआईले मानिसको क्षमता उछिनिरहेको अवस्थामा यसले रोजगारीको स्वरूप बदल्ने वा केही काम विस्थापित गर्ने चिन्ता पनि बढेको छ। तर, इतिहासको अध्ययनमा भने यसले नयाँ सम्भावना खोलेको छ। पुराना कागजातका सङ्केत खुलाउनेदेखि लाखौं मध्ययुगीन पाण्डुलिपि विश्लेषण गर्ने र प्राचीन ग्रन्थ पढ्ने काममा एआई उपयोगी बनेको छ।

इटालीमा अनुसन्धानकर्ताहरूले सन् ७९ मा भिसुभियस ज्वालामुखी विस्फोट हुँदा जलेर कार्बनमा परिणत भएका हर्कुलानियमका पपाइरस ग्रन्थ अध्ययन गर्न एक्स-रे र एआई प्रयोग गरिरहेका छन्। क्षति हुने जोखिमका कारण हातले खोल्न नसकिने सयौं ग्रन्थमध्ये एउटा ग्रन्थलाई पूर्ण रूपमा भर्चुअल विधिबाट खोलेको घोषणा अनुसन्धानकर्ताहरूले जुनमा गरेका थिए। त्यसमा नैतिकतासम्बन्धी ग्रन्थ रहेको पुष्टि भएको थियो।

त्यसैगरी, हिब्रू पाण्डुलिपिका एक करोड पृष्ठ प्रतिलिपि गरी यहुदी इतिहास र संस्कृतिका दुर्लभ स्रोत समेटिएको खोज्न मिल्ने विशाल अभिलेख तयार गर्न एआई प्रयोग भइरहेको छ। पेरिसस्थित इकोल प्राटिक दे ओत एतुदका परियोजना प्रमुख डेनियल स्टोक्ल बेन एज्राका अनुसार यति ठूलो परिमाणको तथ्याङ्क मानिसले एक्लै प्रशोधन गर्न सक्दैन।

डिजिटल अभिलेखबाट तयार हुने तथ्याङ्को भण्डारलाई उहाँले 'विगतको विशाल फेसबुक' सँग तुलना गर्नुभएको छ। यसबाट इतिहासमा मानिस, स्थान र विचारबीच रहेका सम्बन्ध पत्ता लगाउन सकिने अनुसन्धानकर्ताहरूको अपेक्षा छ।

फ्रान्सको राजधानी पेरिसस्थित नोट्रडाम गिर्जाघरमा पनि एआई प्रणालीलाई मध्ययुगीन अभिलेखका १४ हजार ६०० ल्याटिन पृष्ठ प्रतिलिपि गर्न प्रशिक्षित गरिएको छ। यस परियोजनाले पुराना सङ्केत खोल्ने कामजस्तै जटिल ऐतिहासिक अभिलेख अध्ययन गर्न सघाएको छ।

परियोजनाको नेतृत्व गरिरहनुभएकी इतिहासकार जुली क्लाउस्ट्रेका अनुसार ती अभिलेख मध्ययुगीन नोटरीहरूले निर्णयलाई छोटकरीमा लेखेका प्रशासनिक दस्तावेज हुन्। तिनमा प्राविधिक शब्दावली र जटिल

बाँकी अन्तिम पृष्ठमा

## 'डिजिटल त्रिवि' देखि...

आन्तरिक नियन्त्रण, अनुगमन र जवाफदेहिताको व्यवस्था कसरी लागू हुन्छ भन्ने विषय महत्वपूर्ण हुनेछ।

सम्बन्धनप्राप्त क्याम्पसको गुणस्तर सुनिश्चितता, नियमित अनुगमन र नियमनलाई प्रभावकारी बनाउन सम्बन्धन व्यवस्थापन निर्देशनालयलाई सुदृढ गर्ने योजना पनि छ।

विद्यार्थी सङ्ख्या लगातार कम भएका कार्यक्रमलाई गाभ्ने नीति कार्यान्वयनका लागि सम्बन्धनप्राप्त क्याम्पसको अध्ययन तथा छानबिन सुरु भइसकेको छ। दुई शैक्षिकसत्रदेखि विद्यार्थी सङ्ख्या १५ भन्दा कम भएका कार्यक्रमबारे यस्तो नीति अघि सारिएको हो।

**सम्पत्ति संरक्षणदेखि चार्जिङ स्टेसनसम्म**

त्रिविले आफ्ना जग्गा, भवन, प्रयोगशाला, पुस्तकालय, उपकरणलगायत भौतिक सम्पत्तिको डिजिटल अभिलेख तयार गर्ने भएको छ।

विश्वविद्यालयको सम्पत्ति संरक्षण, मर्मतसम्भार तथा उपयोगका लागि एकीकृत सम्पत्ति व्यवस्थापन प्रणाली विकास गर्ने योजना छ। कम उपयोगमा रहेका सभाहल, प्रयोगशाला, छात्रावास तथा खेलकुद पूर्वाधारलाई व्यावसायिक र उत्पादनशील रूपमा प्रयोग गरी आन्तरिक आम्दानी बढाउने नीति छ।

थापाथली क्याम्पसको बल्खुस्थित जग्गामा चार्जिङ स्टेसन, वर्कसप, भेइकल टेस्टिङ ल्याब तथा मेकर स्पेस स्थापना गर्ने योजना पनि नीति कार्यक्रममा राखिएको छ। विश्वविद्यालय-उद्योग सहकार्य, अनुसन्धान तथा परामर्श सेवा, निरन्तर शिक्षा, व्यावसायिक तालिम तथा प्रविधि हस्तान्तरणमार्फत वैकल्पिक वित्तीय स्रोत परिचालन गर्ने योजना छ।

**आन्तरिक आम्दानीबाट क्याम्पस सुधार**

त्रिविले प्रत्येक आङ्गिक क्याम्पसलाई आफ्नो आन्तरिक आम्दानीबाट क्याम्पस सौन्दर्यीकरणसम्बन्धी काममा अधिकतम रु २० लाख सम्म खर्च गर्न सक्ने अधिकार दिने भएको छ।

केन्द्रीय विभागको भौतिक निर्माण तथा मर्मतसम्भार बजेट भने एकद्वार प्रणालीबाट सञ्चालन गर्ने योजना छ। परीक्षा सञ्चालनलाई व्यवस्थित बनाउन केन्द्रीय तथा प्रादेशिक तहमा 'मेगा एक्जामिनेसन हल' निर्माण गर्ने कार्यक्रमलाई तीव्रता दिने नीति छ। समीक्षा खण्डमा जनकपुरस्थित रामस्वरूप रामसागर बहुमुखी क्याम्पसमा मेगा परीक्षा हल निर्माण सुरु गरिएको उल्लेख छ।

**हरित विश्वविद्यालयको लक्ष्य**

त्रिविले आफ्ना भौतिक पूर्वाधारलाई वातावरणमैत्री बनाउँदै 'हरित विश्वविद्यालय'को अवधारणा कार्यान्वयन गर्ने भएको छ।

नयाँ निर्माण तथा पूर्वाधार विकासका काममा ऊर्जा दक्षता, हरियाली प्रवर्द्धन, फोहरमैला तथा वर्षाको पानी व्यवस्थापन, नवीकरणीय ऊर्जा, अपाङ्गमैत्री पहुँच र विपद् प्रतिरोधी मापदण्ड लागू गर्ने नीति छ। आवश्यकता, विद्यार्थी सङ्ख्या र प्राज्ञिक प्राथमिकताका आधारमा स्मार्ट बोर्ड, आधुनिक प्रयोगशाला, पुस्तकालय, कक्षाकोठा र छात्रावासको निर्माण तथा स्तरोन्नति गर्ने योजना पनि छ।

प्राध्यापकलाई विश्वविद्यालय परिसरमै बसेर शिक्षण, अनुसन्धान तथा परामर्श सेवामा संलग्न गराउन छनोट गरिएका विभागबाट 'प्रोफेसर क्याबिन' निर्माण तथा व्यवस्थापन गर्ने कार्यक्रम राखिएको छ।

**पेन्सन व्यवस्थापनको बहस**

त्रिविको नीति तथा कार्यक्रमको अन्तिम भागमा शिक्षक तथा कर्मचारीको पेन्सन व्यवस्थापनसम्बन्धी विषय समेटिएको छ।

दस्तावेजमा २०६८ सालसम्म स्थायी सेवामा प्रवेश गरेका शिक्षक तथा कर्मचारीले नेपाल सरकारको नियमअनुसार पेन्सन पाउँदै आएको र त्यसपछि नियुक्त भएकाहरूका लागि योगदानमा आधारित निवृत्तिभरण योजना सञ्चालनमा रहेको उल्लेख छ। कार्यरत शिक्षक तथा कर्मचारीबीच पेन्सन सुविधामा देखिएको विभेद अन्त्य गर्न पुरानै पेन्सन प्रणाली लागू गर्नुपर्ने सुझाव उच्चस्तरीय सहजीकरण समितिले दिएको छ।

समितिका सुझावअनुसार पेन्सन दायित्वका लागि प्रत्येक क्याम्पसको आम्दानीको ४० प्रतिशत रकम छुट्याउने, बजेट शीर्षकमा राखेर खर्च हुन नसकेको रकमको ४० प्रतिशतसम्म प्रत्येक आर्थिक वर्षको अन्त्यमा केन्द्रीय कोषमा ल्याउने, विश्वविद्यालयको जग्गा तथा सम्पत्ति संरक्षण गरी आम्दानी बढाउने, लिज सम्झौता पुनरावलोकन गर्ने र शुल्क संरचना पुनरावलोकन गर्ने प्रस्ताव गरिएको छ। हाल त्रिविले निवृत्तिभरण योजनाका लागि १० प्रतिशत थप रकम छुट्याउँदै आएको छ। तर यी सुझाव तत्काल लागू भइसकेको निर्णय होइनन्।

त्रिभुवन विश्वविद्यालय ऐनको दफा ३३ 'क' अनुसार नेपाल सरकारलाई थप आर्थिक भार पर्ने विषयमा सरकारको स्वीकृति आवश्यक पर्ने भएकाले यो विषय निर्णयका लागि विश्वविद्यालय सभामा पेस गरिएको हो।

कार्यान्वयनका लागि थप कानुनी तथा वित्तीय निर्णय आवश्यक हुनेछ।

नीति तथा कार्यक्रममा नेपाल सरकारले २०७५ असार मसान्तसम्मका सबै कर्मचारीलाई पेन्सन उपलब्ध गराउने र त्यसपछि योगदानमा आधारित पेन्सन दिने व्यवस्था गरेका सन्दर्भ उल्लेख गर्दै त्रिविमा पनि सोही व्यवस्थाका लागि आवश्यक अध्ययन गरी अघि बढ्ने जनाइएको छ।

# विश्व समाचार

## चीन-रुसद्वारा बाह्य हस्तक्षेपको विरोध

बेइजिङ, ५ कात्तिक (रासस/एएफपी)।

चीन र रुसले युरेसिया महाद्वीपमा स्थिरता कमजोर पार्ने बाह्य हस्तक्षेपको विरोध गर्दै एकअर्काको राष्ट्रिय सुरक्षा, सार्वभौमसत्ता र क्षेत्रीय अखण्डताको समर्थन गर्ने प्रतिबद्धता व्यक्त गरेका छन्।

रुसको भ्रमणमा रहनुभएका चिनियाँ प्रधानमन्त्री ली छयाङले बिहीबार रुसी राष्ट्रपति भ्लादिमिर पुटिन र प्रधानमन्त्री मिखाइल मिशुस्टिनसँग भेटवार्ता गर्नुभएपछि दुवै देशले संयुक्त वक्तव्य जारी गरेका हुन्। चीनको सरकारी समाचार संस्था सिन्ह्वाले प्रकाशित गरेको वक्तव्यमा दुवै पक्षले विनाशकारी बाह्य हस्तक्षेपलाई युरेसिया महाद्वीपमा स्थिरता कमजोर पार्ने प्रमुख कारकका रूपमा औंल्याएका छन्।

वक्तव्यमा युरेसियाली एकताको प्रक्रियामा अवरोध पुऱ्याउने उद्देश्यले बल प्रयोग गर्ने वा बाह्य दबाब सिर्जना गर्ने कुनै पनि कार्यको दुवै देशले कडा निन्दा गर्ने उल्लेख छ। साथै, एकअर्काका मुख्य हित र प्रमुख सरोकारसँग सम्बन्धित विषयमा सधैं दृढ समर्थन गर्ने प्रतिबद्धता पनि व्यक्त गरिएको छ। चीनले रुसको सुरक्षा, स्थिरता, राष्ट्रिय एकता, विकास, समृद्धि, सार्वभौमसत्ता र क्षेत्रीय अखण्डताको रक्षा गर्ने प्रयासलाई समर्थन गर्ने जनाएको छ। रुसको आन्तरिक मामिलामा बाह्य शक्तिले हस्तक्षेप गरेकोप्रति पनि चीनले विरोध जनाएको छ।

यसैबीच, वक्तव्यमा रुसी राष्ट्रपति पुटिन र चिनियाँ राष्ट्रपति सी जिनपिङ तथा अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पबीच हुन सक्ने प्रस्तावित बैठकबारे कुनै उल्लेख गरिएको छैन। क्रेमलिनका सहयोगी युरी उशाकोभले बुधबार पत्रकारहरूसँग चीन, रुस र अमेरिकाका नेताहरूबीच सम्भावित पहिलो बैठकको तयारी भइरहेको बताउनुभएको थियो। उहाँका अनुसार आगामी महिना चीनको सेन्जेनमा हुने एसिया-प्रशान्त शिखर सम्मेलनका अवसरमा उक्त बैठक आयोजना गर्ने उद्देश्य राखिएको छ।

## इरानमाथि नयाँ हमलाको तयारी, तेहरानको चेतावनी

वासिङटन, ५ कात्तिक (रासस/एएनआई)।

अमेरिकाले मध्यावधि निर्वाचनपछि इरानमाथि नयाँ आक्रमण गर्ने सम्भावनाबारे तयारी गरिरहेका बेला तेहरानले कडा प्रतिकार गर्ने चेतावनी दिएको छ। 'द न्युयोर्क टाइम्स' का अनुसार, अमेरिका र इजरायलले इरानको ऊर्जा पूर्वाधार, आणविक केन्द्र तथा क्षेप्यास्त्र र ड्रोन भण्डारलाई लक्षित गरी छोटो तर तीव्र सैन्य कारबाहीको योजना बनाएका छन्।

इरानी रिभोलुसनरी गार्ड कर्प्सका प्रवक्ता हुसेन मोहेबीले अमेरिकासँग 'सबै बमकी आमा' भनिने शक्तिशाली बम रहेको उल्लेख गर्दै इरानले त्यसको जवाफमा 'सबै बमका पिता' देखाउने चेतावनी दिनुभएको छ। तर, इरानले उक्त हतियारको स्वरूप र क्षमताबारे खुलाएको छैन। अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले इरानको भूमिगत पिक्याक्स माउन्टेन आणविक केन्द्रमा २२ हजार पाउन्ड तौलको एमओपी बम प्रयोग गर्ने विचार गर्नुभएको भन्ने प्रतिवेदनपछि इरानको चेतावनी आएको हो। यद्यपि, विशेषज्ञहरूले उक्त बमले ग्रेनाइट चट्टानभित्र रहेको केन्द्र नष्ट गर्न सक्नेमा शङ्का व्यक्त गरेका छन्। ट्रम्पले नयाँ आक्रमणलाई स्वीकृति दिनुहुन्छ वा दिनुहुन्न भन्ने अझै स्पष्ट छैन।

अमेरिकाले नोभेम्बरको सुरुसम्ममा तीन विमानवाहक युद्धपोत, हजारौं नौसैनिक, लडाकू विमान र विशेष सैन्य बलसहित ठूलो सैन्य शक्ति तयारी अवस्थामा राख्ने योजना बनाएको छ। यसैबीच, इरानी राष्ट्रपति मसुद पेजेस्कियानले दबाब र युद्धका बाबजुद आफ्नो देश दृढ रहने बताउनुभएको छ।

इरानले सम्भावित नयाँ युद्धको असर ऊर्जा पूर्वाधार र व्यावसायिक ढुवानीमा मात्र सीमित नहुने चेतावनी दिएको छ। इरानी अधिकारीहरूका अनुसार, द्वन्द्व डाटा केन्द्र र समुद्रमुनिका इन्टरनेट केबलसम्म फैलिन सक्छ। केही अमेरिकी योजनाकारले तीन दिनको आक्रमणले इरानलाई वार्तामा सहलियत दिन बाध्य पार्न सक्ने ठाने पनि अघिल्लो अमेरिका-इजरायल आक्रमणले ऊर्जा मूल्य र मुद्रास्फीति बढाएको तथा क्षेत्रीय सुरक्षा कमजोर पारेको प्रतिवेदनमा उल्लेख छ। अमेरिका र इजरायलको सैन्य तयारी तथा कूटनीतिक प्रयास जारी रहँदा ट्रम्पको अन्तिम निर्णय र इरानको सम्भावित प्रतिक्रियाबारे अनिश्चितता कायमै छ। सम्भावित आक्रमणले पश्चिम एसियामा व्यापक युद्ध निम्त्याउन सक्ने चिन्ता बढेको छ।

## युक्रेन युद्धमा सम्झौता नजिक पुगेको ट्रम्पको संकेत

वासिङटन, ५ कात्तिक (रासस/एएनआई)।

अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले रुस र युक्रेनबीचको युद्ध अन्त्य गर्ने शान्ति सम्झौता लामो समयपछि पहिलो पटक सम्भावनाको नजिक पुगेको बताउनुभएको छ। उहाँले वार्ता संवेदनशील अवस्थामा रहेकाले रुसमाथि थप प्रतिबन्ध लगाउँदा कूटनीतिक प्रयास प्रभावित हुन सक्ने उल्लेख गर्नुभयो।

ह्वाइट हाउसबाट दक्षिण क्यारोलिना प्रस्थान गर्नुअघि बुधबार पत्रकारहरूसँग कुरा गर्दै उहाँले सम्झौताको सम्भावना बढेका बेला प्रतिबन्ध लगाउनु उचित नहुने बताउनुभयो। आवश्यक परे रुसमाथि प्रतिबन्ध लगाउने अधिकार आफूसँग रहेको उहाँको भनाइ थियो।

इरानविरुद्धको अमेरिकी सैन्य कारबाहीमा रुस र चीनको भूमिका सीमित रहेको दाबी गर्दै राष्ट्रपति ट्रम्पले दुवै देशले उल्लेखनीय हस्तक्षेप नगरेकामा प्रशंसा गर्नुभयो। उहाँले रुस र चीनलाई सहभागी गराएर आणविक निशस्त्रीकरणसम्बन्धी बैठक गर्ने सम्भावनालाई पनि सकारात्मक बताउनुभयो।

यसैबीच, युक्रेनी राष्ट्रपति भोलोदिमिर जेलेन्स्कीले युद्ध अन्त्य गर्ने पहलस्वरूप वर्तमान अग्रपङ्क्तिमा लडाइँ रोक्न र कूटनीतिक वार्ता अघि बढाउन युक्रेन तयार रहेको बताउनुभएको छ। फक्स न्युजसँग कुरा गर्दै उहाँले युद्धविरामपछि अमेरिका र युरोपेली राष्ट्रहरूबाट सुरक्षा प्रत्याभूति खोजिने स्पष्ट पार्नुभयो। डोनबास क्षेत्र त्यागेर युद्ध अन्त्य गर्ने सम्भावनाबारे सोधिएको प्रश्नमा राष्ट्रपति जेलेन्स्कीले रुसले युद्धमैदानमा विजय हासिल गरिरहेको दाबी अस्वीकार गर्नुभयो। उहाँले वर्तमान युद्धक्षेत्रको अवस्थालाई आधार बनाएर वार्ता सुरु गर्नुपर्ने र त्यसबाट व्यापक शान्ति योजना अघि बढाउन सकिने बताउनुभयो।

यसैबीच, रुसी राष्ट्रपति भ्लादिमिर पुटिनका सहयोगी युरी उशाकोभले अमेरिकी राष्ट्रपति ट्रम्प र पुटिनबीच चीनमा हुने आगामी एसिया-प्रशान्त आर्थिक सहयोग (एपेक) शिखर सम्मेलनको क्रममा प्रत्यक्ष भेटवार्ता हुन सक्ने बताउनुभएको थियो।

# चक्कु प्रहारबाट युवक घाइते

**दैनिक समाचारदाता**
**राजविराज, ५ कात्तिक ।**

सप्तरीमा चक्कु प्रहारबाट एक युवक घाइते भएका छन् । जिल्लाको विष्णुपुर गाउँपालिकास्थित विष्णुपुर चोकमा लागुऔषध सम्बन्धी गतिविधि रोक्न खोज्दा भएको विवादमा चक्कु प्रहारबाट ३७ वर्षीय श्याम अवतार यादव घाइते भएका छन् ।

सार्वजनिक स्थानमा बुधबार साँझ गाँजा काटिरहेको देखेपछि स्थानीय रामअवतार यादवले प्रविनकुमार मण्डललाईलाई सम्झाउन खाज्दा उनीमाथी चक्कुले प्रहार भएको थियो । चक्कु प्रहारबाट यादवको पेट र बायाँ पाखुरामा चोट लागेको छ ।

उनको राजविराजस्थित गजेन्द्रनारायण सिंह अस्पतालमा उपचार भइरहेको छ । स्थानीयका अनुसार मण्डल लामो समयदेखि लागुऔषध सेवनमा संलग्न रहेको र करिब सात महिनासम्म सुधार केन्द्रमा बसेर फर्केका व्यक्ति हुन् ।

जिल्ला प्रहरी कार्यालय सप्तरीका प्रहरी उपरीक्षक रूपक खड्काका अनुसार घटनामा संलग्न रहेको आरोपमा मण्डललाई घटनास्थलबाटै पक्राउ गरिएको छ भने घटनाबारे थप अनुसन्धान भइरहेको उनले जनाए ।

# यु-१९ महिला विश्वकपमा नेपाल समूह 'ए' मा

काठमाडौं, ५ कात्तिक (रासस) ।

नेपालले बङ्गलादेशसँग संयुक्तरूपमा आयोजना गर्न लागेको आइसिसी यु-१९ महिला टी-२० विश्वकप क्रिकेटका १५ खेल नेपाली मैदानमा सञ्चालन हुने भएका छन् ।

अन्तरराष्ट्रिय क्रिकेट परिषद् (आइसिसी) ले बिहीबार सार्वजनिक गरेको खेल तालिकामा प्रतियोगिताका कुल ४१ खेलमध्ये १५ खेल नेपालमा राखिएका हुन् ।

नेपालमा हुने खेल त्रिभुवन विश्वविद्यालय (त्रिवि) क्रिकेट मैदान र मुलपानी क्रिकेट मैदानमा सञ्चालन हुने नेपाल क्रिकेट सङ्घ (क्यान) ले जनाएको छ ।

आगामी जनवरी २१ देखि फेब्रुअरी ६ सम्म आयोजना हुने प्रतियोगितामा नेपाल सहआयोजक रहेको छ । प्रतियोगितामा नेपालले समूह चरणमा भारत, आयरल्याण्ड र वेष्ट इन्डिजसँग खेल्नेछ ।

नेपालले पहिलोपटक यु-१९ विश्वकप आयोजना गर्ने अवसर प्राप्त गरेको हो ।

# मैथिल परम्पराको रावणवध उत्सव सम्पन्न

महोत्तरी, ५ कात्तिक (रासस) ।

शारदीय दशहरा अर्थात् विजया दशमीका दिन मिथिलामा मनाइने रावणवध उत्सव मटिहानीसहित महोत्तरीका कैयौं ठाउँमा बिहीबार साँझ सम्पन्न भएको छ ।

त्रेता युगमा असोज शुक्ल दशमीका दिन मर्यादा पुरुषत्तम श्रीरामले युद्धमा रावणको वध गर्नुभएको विश्वासमा मिथिलामा यो उत्सव मनाइने परम्परा छ । सीताजी अर्थात् मैथिलीलाई आफ्नै चेलीबेटी मान्ने मिथिला परम्पराले यहाँ रावणवध खास महत्वको उत्सव रहँदै आएको छ ।

मिथिला क्षेत्रमा रावणवध उत्सव विजया दशमीका दिन साँझपख मनाइने चलन छ । "युद्धमा श्रीरामले शारदीय दशहरा (दशमी) का दिन साँझपख रावणवध गर्नुभएको विश्वास गरिन्छ", मटिहानी-७ स्थित याज्ञवल्क्य लक्ष्मीनारायण विद्यापिठ (संस्कृत क्याम्पस) का प्राचार्य हेमनारायण लाल कर्ण भन्नुहुन्छ, "यसैले मटिहानीमा वर्षेनि दशमीका दिन साँझ रावणवध लीला गरिदै आइएको छ ।" मिथिलाकी चेली सीताजीको अपहरण गर्ने रावण यसै अपराधका लागि मारिएको कुरा मैथिलका लागि उत्सव नै बन्ने गरेको कर्ण बताउनुहुन्छ ।

रावणवध उत्सवका अवसरमा मटिहानी-८ तस्मैयाबाबा उद्यानमा निर्मित ५१ फिट अग्लो रावण आकृतिलाई आग्नेय वाणको प्रतीकात्मक आगोको मुस्लो हानेर भष्म गरिने लीला बिहीबार बुधबार साँझ सम्पन्न गरिएको छ । यसैगरी जलेश्वरमा पनि रावणवध उत्सव सम्पन्न गरिएको छ ।

मटिहानीमा वर्षौंदेखि विजया दशमीका दिन श्रीरामले असुर रावणको संहार (सङ्घार) गर्नुभएको सम्झनामा प्रतीकात्मक रूपमा उत्सव मनाउने परम्परा रहँदै आएको छ । मिथिलामा विजया दशमीका दिन देवी विसर्जनसँगै यसै दिन श्रीरामले रावणलाई संहार गर्नुभएको विश्वासमा रावण वध उत्सवको परम्परा रहँदै आएको मटिहानीका नगरप्रमुख हरिप्रसाद मण्डलको भनाइ छ ।

दशहारा (दसैं) पर्व सत्य युगमा देवी दुर्गाले चण्ड, मुण्ड, महिषासुर र रक्तविजसहितका दैत्यको संहार प्रतीकात्मक रहेझैं मटिहानीमा रावण वध पनि जोडिएर आएको विश्वास गरिन्छ । सत्ययुगमा देवीले दैत्य संहार गरेझैं त्रेता युगमा श्रीरामले रावणसहितका असुर प्रवृत्तिको अन्त्य गरेको यही असोज शुक्लपक्षमा रहेको मानिन्छ । खासगरी देवीले नवमीसम्म र श्रीरामले रावणको दशमीकै दिन वध गर्नुभएको विश्वासमा मटिहानीमा रावण वध उत्सवको परम्परा चलेको मटिहानीबासी बताउँछन् ।

भगवान् श्रीरामले दश इन्द्रीयका दास दशानन (रावण) माथि विजय प्राप्त गर्नुभएको हुँदा 'दशहारा' (दश इन्द्रीयको दासत्वलाई हराउने) पर्वको नाउँले प्रसिद्धि पाएको मैथिल लोकपरम्पराका जानकार जलेश्वर-७ बखरीका बासिन्दा पूर्वप्रशासक महेश्वर राय बताउनुहुन्छ । रावण वध उत्सव यस क्षेत्रको महत्वपूर्ण संस्कृति रहेको रायको कथन छ ।

मटिहानीमा 'वध' गरेको देखाइने रावणको ढलेको आकृति भोलिपल्ट उल्लासमय वातावरणमा बाजागाजासाथ जलाशयमा पुऱ्याइ गहिरो पानीमा विसर्जन गर्ने परम्परा छ ।

### *कुटपिटबाट ...*

घाइते यादव खेतमै ढलेपछि आक्रमणकारी फरार भएका थिए ।

घटनाको कारण भने खुल्न नसकेको पनि घटनामा संलग्न रहेको आशंकामा प्रहरीले दुई जनालाई नियन्त्रणमा लिएको छ । पक्राउ परेकाहरूसँग सोधपुछका साथै थप अनुसन्धान भइरहेको जिल्ला प्रहरी कार्यालय सप्तरीले जनाएको छ ।

### *एआईले खोल्दैछ ...*

लेखन शैली प्रयोग गरिएको छ ।

एआई प्रणालीले अक्षर पहिचानमा ८८ देखि ९४ प्रतिशतसम्म सफलता हासिल गरेको छ । यसबाट गिर्जाघरको दैनिक जीवन, निर्माण कार्य, कर्मचारी र परित्यक्त बालबालिकाको हेरचाहसम्बन्धी जानकारी फेला परेको छ ।

यस्ता अभिलेख हातैले प्रतिलिपि गर्न धेरै दशक लाग्ने क्लाउस्ट्रेले बताउनुभयो । उहाँका अनुसार एआईको महत्व समय बचतमा मात्र सीमित छैन । यसले पहिले सम्भव नभएका प्रश्नमा अनुसन्धान गर्न सहयोग पुऱ्याउँदै इतिहास अध्ययन गर्ने तरिकामै परिवर्तन ल्याइरहेको छ ।

# एनपिएलका सबै खेलले आइसिसीको मान्यता पाउने

काठमाडौं, ५ कात्तिक (रासस) ।

नेपाल प्रिमियर लिग (एनपिएल) को तेस्रो संस्करणका सम्पूर्ण खेलले अन्तरराष्ट्रिय क्रिकेट परिषद् (आइसिसी) को आधिकारिक 'लिस्ट ए टी-२०' मान्यता पाउने भएका छन् ।

नेपाल क्रिकेट सङ्घ (क्यान) का अनुसार यही कात्तिक ९ गतेदेखि कीर्तिपुरस्थित त्रिभुवन विश्वविद्यालय, अन्तरराष्ट्रिय क्रिकेट मैदानमा सञ्चालन हुने एनपिएलका सबै खेलले उक्त मान्यता भएका हुन् ।

आइसिसीको 'लिस्ट ए टी-२०' मान्यता प्राप्त भएपछि एनपिएलका खेलमा खेलाडीले गरेको प्रदर्शन आधिकारिक टी-२० तथ्याङ्कमा समावेश हुनेछ ।

'लिस्ट ए टी-२०' को आधिकारिक मान्यता प्राप्त गरेको हुँदा यसले नेपाली क्रिकेटको विकास, व्यावसायिकता तथा अन्तरराष्ट्रिय पहिचान अभिवृद्धिमा थप योगदान पुऱ्याउने क्यानका सचिव पारस खड्काले बताउनुभयो ।

एनपिएलको तेस्रो संस्करण कात्तिक ९ देखि मङ्सिर ५ गतेसम्म सञ्चालन हुनेछ । यसपालि पनि लिगमा आठवटा टोलीले प्रतिस्पर्धा गर्ने छन् ।

# आइसिसी विश्वकप छनोट प्लेअफ प्रतियोगिता नेपालमा आयोजना हुने

काठमाडौं, ५ कात्तिक (रासस) ।

आइसिसी पुरुष क्रिकेट विश्वकप छनोट प्लेअफ प्रतियोगिता नेपालमा आयोजना हुने भएको छ । नेपाल क्रिकेट सङ्घ (क्यान)ले आगामी डिसेम्बर ४ देखि २१ तारिखसम्म प्रतियोगिता नेपालमा आयोजना हुने जानकारी दिएको हो ।

प्रतियोगितामा आइसिसी विश्वकप लिग-२ का अन्तिम चार टोली तथा आइसिसी क्रिकेट विश्वकप च्यालेन्ज लिग 'ए' र 'बी' का शीर्ष दुई-दुई टोली गरी आठवटा टोली सहभागी हुनेछन् ।

प्रतियोगिताको शीर्ष चारमा स्थान हासिल गर्ने टोली सन् २०२७ मा आयोजना हुने एकदिवसीय विश्वकप छनोट प्रतियोगिताका लागि छनोट हुनेछन् । नेपालसामु लगातार दोस्रोपटक एकदिवसीय विश्वकप छनोटमा स्थान बनाउने अवसर छ ।

यसैबीच, प्रतियोगिता नेपालमा आयोजना हुने भएपछि नेपाल र भारत 'ए' बीचको क्रिकेट शृङ्खला पूर्वनिर्धारित तालिकामा नहुने भएको छ ।

भारतीय क्रिकेट नियन्त्रण बोर्ड (बिसिसीआई) र क्यानबीचको आपसी समन्वय तथा सहमतिमा नेपाल र भारत 'ए' बीचको नयाँ खेल तालिका तय गरिने क्यानका सचिव पारस खड्काले जानकारी दिनुभयो ।

# पर्सामा एक महिना एक सय ११ अपराधका घटना दर्ता

पर्सा, ५ कात्तिक (रासस) ।

पर्सामा पछिल्लो महिनामा विभिन्न प्रकृतिका एक सय ११ अपराधका घटना दर्ता भएको छ ।

तीमध्ये सामाजिक अपराधका ६१, सङ्गठित तथा आर्थिक अपराधका १७, चोरीसम्बन्धी नौ, ज्यानसम्बन्धी आठ, बालबालिकासम्बन्धी छ, सवारी ज्यानसम्बन्धी दुई र अन्य प्रकृतिका चार घटना दर्ता भएको जिल्ला प्रहरी कार्यालय, पर्साले जनाएको छ ।

प्रहरीले अपराध नियन्त्रण तथा अनुसन्धानका क्रममा चालु मुद्दाका १२० जना प्रतिवादीलाई पक्राउ गरेको छ । त्यसैगरी कर्तव्य ज्यानका एक, हातहतियारसम्बन्धी दुई, बैंकिङ कसुरका १३, जुवातासका दुई र ठगीको एक घटना अभिलेख गरिएको जिल्ला प्रहरी कार्यालय पर्साका प्रहरी नायब उपरीक्षक चक्रबहादुर मल्लले जानकारी दिनुभयो ।

उहाँका अनुसार लागुऔषधसम्बन्धी १६ वटा मुद्दा दर्ता गरी २४ जनालाई पक्राउ गरिएको छ । पक्राउ परेकाहरूको साथबाट ३८ किलो ५०८ ग्राम गाँजा, १७१ ग्राम ७९० मिलिग्राम ब्राउन सुगर र १४ ग्राम ६४० मिलिग्राम अफिम बरामद गरिएको छ", राजस्व चुहावट तथा भन्सार छली नियन्त्रण अभियानअन्तर्गत प्रहरीले अनुमानित रु ७५ लाख ४४ हजार ४९ मूल्यका सामान बरामद गरेको छ ।

यस्ते अवैध वन पैदावार नियन्त्रणको क्रममा सात जनालाई पक्राउ गरिएको छ । उनीहरूबाट १४ वटा साइकल र ५४ क्युफिट काठ बरामद गरिएको तथा रु तीन लाख ११ हजार ६०० जरिवाना गरिएको प्रहरीले जनाएको छ ।

यसैगरी, गत महिनाको विवरणअनुसार जिल्लाभरि ४० वटा सवारी दुर्घटना भएका छन् । ती दुर्घटनामा दुई जनाको मृत्यु हुनुका साथै ३१ जना घाइते भएका छन् ।

प्रहरी नायब उपरीक्षक मल्लले ट्राफिक नियम उल्लङ्घन गर्ने एक हजार ३४४ वटा सवारीसाधनलाई कारबाही गरी प्रहरीले रु १६ लाख ३६ हजार ५०० राजस्व सङ्कलन भएको पनि बताउनुभयो ।

# पछिल्लो २४ घण्टामा सवारी दुर्घटनामा पाँचको मृत्यु, ३१३ घाइते

काठमाडौं, ५ कात्तिक (रासस) ।

पछिल्लो २४ घण्टामा देशका विभिन्न स्थानमा भएको सवारी दुर्घटनामा पाँच जनाको मृत्यु भएको छ । प्रहरी प्रधान कार्यालयका अनुसार काठमाडौं, सुनसरी, मकवानपुर, मोरङ र तनहुँमा भएका सडक दुर्घटनामा ३१३ जना घाइते भएका छन् ।

काठमाडौंको टेकुस्थित अम्बे कम्प्लेक्स नजिकै त्रिपुरेश्वरबाट कालीमाटीतर्फ जाँदै गरेको बा प्र ०२-०६३ प ९०९६ नम्बरको मोटरसाइकलको ठक्करबाट भारतीय नागरिक ४५ वर्षीय परमानन्द बैठाको मृत्यु भएको छ । दुर्घटनामा घाइते भएका उनको उपचारका क्रममा त्रिवि शिक्षण अस्पताल, महाराजगन्जमा मृत्यु भएको हो ।

सुनसरीको इटहरी उपमहानगरपालिका-४ हलगडास्थित कोशी लोकमार्गमा को २७ प २०३६ नम्बरको मोटरसाइकलाई प्र १-०२-००१ ख ९९८५ नम्बरको बसले ठक्कर दिँदा मोटरसाइकल चालक इटहरी-८ का ६२ वर्षीय छत्रबहादुर भण्डारीको मृत्यु भएको छ ।

यस्तै, मकवानपुरको बकैया गाउँपालिका-५ श्रीपुरमा बा प्र ०८-००१ ह ०१०५ नंको अटो 'ब्रेक फेल' भई दुर्घटना हुँदा ४५ वर्षीय सन्तबहादुर माझीको मृत्यु भएको छ । मोरङको लेटाङ नगरपालिका-५ डिल्लेचोकस्थित भित्री सडकमा प्र १-०१-२४५ प ६३८० नम्बरको मोटरसाइकलले सोही ठाउँका ७० वर्षीय बलबहादुर विकलाई ठक्कर दिँदा निजको मृत्यु भएको प्रहरीले जनाएको छ ।

पृथ्वीराजमार्ग हुँदै तनहुँको डुम्रेबाट दमौलीतर्फ गइरहेको बा १८ च ४५८७ नम्बरको गाडीले व्यास नगरपालिका-१ अम्रेनी भन्ने स्थानमा ठक्कर दिँदा ४० वर्षीय एक पुरुषको मृत्यु भएको छ । निजको पहिचान नखुलेको प्रहरीले जनाएको छ ।

**प्रकाशक/सहसम्पादक** : नवीनकुमार गुप्ता (९८५२८२०५८४, ९८०३२८३११५), **सम्पादक** : अनिलकुमार अनल (९८४२८३४९१७), **लेआउट** : संजय शंखर
**मुद्रण** : न्यू नवीन प्रेस, राजविराज, **फोन** : ०३१-५२०७६८ (कार्यालय), **इमेल** : *rajbirajdainik@gmail.com*, **वेबसाइट** : *rajbirajdainik.com.np*